# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## (स्वास्थ्य शाखा)
गोलबजार, सिरहा

मधेश प्रदेश, नेपाल

**औषधी तथा सर्जिकल सामानहरु खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति:२०७८।१०।११**

**(सूचना नं. ०४/२०७८/७९)**

आ.व. २०७८।०७९ मा यस कार्यालय तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानहरु बोलपत्रका माध्यमबाट खरिद गरी आपूर्ती गर्नु पर्ने भएकोले उक्त सामानहरु सप्लाई गर्न ईच्छुक इजाजत प्राप्त औषधि व्यवसायी, फर्म, कम्पनी बिक्रेता तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रहि रितपूर्बकको बोलपत्र पेश गर्नु हुन **प्रथम पटक** यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**शर्तहरु**

१.) बोलपत्र सम्वन्धी कागजात यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्रको हकमा **३०औं दिन** सम्म कार्यालय समय भित्र रु. १०।- को टिकट टाँस गरी तोकिएको राजश्व रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजश्व शाखा बाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२.) इच्छुक फर्म, कम्पनी वा संस्थाले बोलपत्र खरिद गर्दा र पेश गर्दा बोलपत्र फारमसाथ आ.व. २०७८।०७९ सम्मको लागि नविकरण गरीएको सम्वन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर तथा मु.अ. कर प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र र आ.व. २०७७।७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रका प्रतिलिपिहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखि प्रोपराइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरिनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ ।

३.) बोलपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको **मितिले ३१ औं दिन, दिनको १२ बजे** सम्ममा यस कार्यालयलाई सम्बोधन गरी के कामको लागि बोलपत्र फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना फोन नं. समेत खुलाई आधिकारिक व्यक्ति द्धारा तोकिएको कार्यालयमा दर्ता गराउन सकिने छ । दर्ता हुन आएको बोलपत्र फारममा यस कार्यालयका प्रमुखको दस्तखत तथा कार्यालयको छाप लागेको हुनु पर्नेछ ।

४) दर्ता भएका बोलपत्र फारामहरु **३१औं दिन दिनको २ बजे** बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदाको भोली पल्ट सोही समयमा दर्ता गर्ने र खोलिने कार्य हुनेछ ।

६) बोलपत्रसाथ सूचनामा उल्लेखित जमानत वापतको रकम **गोलबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय, गोलबजार, सिरहाको ग्लोवल आई.एम.ई. बैक ,गोलबजारमा रहेको धरौटी खाता नं. ५५०४०१००००१६** मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १८० दिन सम्म म्याद भएको जमानीपत्र (बिडवण्ड) पेश गर्नु पर्नेछ ।

७) वोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा बोलकबोल **अंकको नियमानुसार हुने** आउने रकम तोकिएको बैकमा जम्मा गरेको सक्कल बैंक भौचर वा सो वरावरको **६ महिना सम्म म्याद** भएको यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य वैकबाट जारी भएको कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गर्नुपर्ने छ ।

८) बोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइने छ । दररेट उल्लेख गर्दा केरमेट गरेको वा टिपेक्स लगाएको स्थानमा सहिछाप नभएको, कार्यालयबाट बिक्रि भएको फाराम भरी नआएको बोलपत्र फाराम उपर कुनै कारवाही हुने छैन ।

९) बोलपत्र दाखिला गर्दा फर्म, कम्पनी वा सप्लायर्सले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नवाझिएको तथा सम्बन्धित पेशामा व्यवसायको कसुरमा आफुले कुनै सजाय नपाएको भनि लिखित रुपमा गरेको स्व-घोषणा बोलपत्र सम्वन्धि कागजात साथ पेश गर्नु पर्नेछ । घोषणापत्र संलग्न नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०) बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर सहितको दररेट पेश गर्नु पर्नेछ । बोलपत्र दाताले कबोल गरेको जम्मा अंक यस कार्यालयको इष्टिमेट अंक भन्दा कम हुनु पर्नेछ । कार्यालयबाट बोलपत्र स्वीकृत गर्दा औषधी तथा सर्जिकल सामान तर्फ एकमुष्ट स्वीकृत गरी खरिद संझौता गरिने छ ।

११) यस सम्वन्धी स्पेसिफिकेशन तथा अन्य आवश्यक विवरणहरु बोलपत्र फाराम साथ उपलब्ध गराइने छ ।

१२) प्रचलित नियमानुसार रित नपुगेको, म्याद नाघि आएको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१३) एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१४) बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१५) बोलपत्र फाराममा उल्लेखित सम्पूर्ण आईटमहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । बोलपत्र फारम भर्दा आंशिक रुपमा भर्न पाईने छैन ।

१६) औषदि खरिद गर्दा **WHO GMP Certified Company** बाट उत्पादित तथा नेपाल सरकार बाट स्वीकृती प्राप्त औषधिहरु मात्र खरिद गरिनेछ ।

१७) सप्लाई हुने औषधिहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, **Expiry Date**, कम्पनीको नाम तथा **नेपाल सरकारद्वारा निशुल्क वितरणको लागि** भनी लेखिएको हुनु पर्नेछ ।

१८) कार्यालयमा औषधी दाखिला हुन आउँदा **१८ महिनाको** म्याद हुनु पर्नेछ तर कुनै औषधिको जम्मा **Exipry Date** १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा **Self Life को कम्तीमा ७५ प्रतिशत** म्याद बाँकी हुँदा नै दाखिला गर्नु पर्नेछ ।

१९) सुई, धुलो, झोल औषधी बाहेक अन्य सम्पूर्ण औषधीहरु Strip मा मात्र सप्लाई गर्नु पर्नेछ । बोतलमा सप्लाई हुने औषधिहरु सबै प्लाष्टिक बोलतमा भएको हुनु पर्नेछ ।

२०) कार्यालय सम्म औषधि तथा अन्य सामाग्री आपूर्ती गर्न लाग्ने ढुवानी तथा अन्य करहरु बोलपत्रदाता स्वयंमले व्यहोर्नु पर्नेछ ।

२१) आपूर्तीकर्ताले सप्लाइ गर्ने औषधि तथा मालसामानहरुको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा परीक्षण कार्यमा लाग्ने सम्पूर्ण खर्च आपूर्तीकर्ताले नै व्यहोर्नु पर्नेछ ।

२२) औषधि तथा सर्जिकल सामानको स्याम्पल बोलपत्र फारम साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२३) उत्पादक कम्पनीले प्राप्त गरेको **WHO GMP** मान्यताको प्रमाण पत्र र कम्पनीवाट प्राप्त **Authorized Letter** हरुको मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रामाणित प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

२४) अन्य थप कुरा बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । (कार्यालयको सम्पर्क नं-०३३-५४००९९)

२५) बोलपत्र फाराममा र सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

**कामको विवरण**

| सि.नं. | सूचना नं. | खरिदको प्याकेज | ल.ई. अंक (मु.अ.क.सहित) | खरिदको माध्यम | फारम दस्तुर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ४/०७८/७९ | औषधि तथा सर्जिकल सामान | रु २५,५०,०००।०० | बोलपत्र | रु ३,०००।०० | ६०,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत